# विद्युत नियमन आयोग

(नेपाल सरकार विद्युत क्षेत्रको नियामक निकाय )

# अनुमतिपत्र प्राप्त व्यक्तिहरूको शेयर संरचना परिवर्तन तथा शेयर खरिद विक्री सम्बन्धमा सूचना

**सूचना प्रकाशित भएको मिति: ०८१/१०/२७**

विद्युत नियमन आयोग नियमावली, २०७५ को नियम ४५ बमोजिम "विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारको काम गर्न अनुमति प्राप्त कम्पनी वा संस्थाले सार्वजनिक रूपमा शेयर निष्कासन गर्न वा शेयरको संरचनामा पाँच प्रतिशत भन्दा बढी परिवर्तन हुने गरी शेयर खरिद विक्री गर्न आयोगको पूर्व स्वीकृति लिनु पर्नेछ" भन्ने व्यवस्था रहेको छ। सोही बमोजिम, पाँच प्रतिशत भन्दा बढी र पचास प्रतिशत भन्दा कम शेयर खरिद विक्री तथा शेयर संरचना परिवर्तनको हकमा "विद्युत खरिद विक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्त सम्बन्धी विनियमावली,२०७६" को विनियम १७ बमोजिम तथा पचास प्रतिशत वा त्यस भन्दा बढी शेयर खरिद विक्री गर्नको लागि "विद्युत नियमन आयोग अनुमतिपत्र प्राप्त व्यक्ति एक आपसमा वा अन्य सङ्गठित संस्थासँग गाभिन, आपसमा मिल्न, शेयर खरिद, संरचनाको खरिद विक्री वा हस्तान्तरण, प्राप्ति वा ग्रहण सम्बन्धी निर्देशिका, २०७७" को दफा ६ बमोजिम निवेदन दिनुपर्ने व्यवस्था छ। तसर्थ, शेयर खरिद विक्री तथा शेयर संरचना परिवर्तन गर्नु पूर्व आयोगको स्वीकृति प्राप्त गरे पश्चात मात्र कम्पनी रजिष्ट्रारमा सो को अभिलेख गराउनु हुन सम्पूर्ण अनुमतिपत्र प्राप्त व्यक्तिहरूको जानकारीको लागि अनुरोध छ। आयोगको पुर्व-स्वीकृति बिना शेयर खरिद विक्री तथा शेयर संरचना परिवर्तन गरी कम्पनी रजिष्ट्रारबाट अभिलेख गरिएको पाएमा विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १९ बमोजिम जरिबाना हुने समेत सम्पूर्णमा जानकारी गराइएको छ।

**थप जानकारीका लागि**

**आयोगको सचिवालय**

**सानो गौचरण,काठमाडौँ**

सम्पर्क नं.: +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९०

इमेल: info@erc.gov.np | admin@erc.gov.np